# स्थानीय राजपत्र

**उमाकुण्ड गाउँपालिका, रामेछापद्वारा प्रकाशित**

खण्ड : ६ संख्या : ३ मिति : २०७९/०५/२८

## भाग - २

# कृत्रिम गर्भाधारण कार्यक्रम संचालन तथा व्यवस्थापनको कार्यविधि, २०७९

उमाकुण्ड गाउँपालिकाभित्र पशुको दुध र मासु उत्पादन वृद्धि गरी गाउँपालिका दुध, मासु, र अण्डामा आत्मनिर्भर बन्नको लागि आवश्यक ठानी यस गाउँपालिकाले गाई ,भैसी तथा बाख्राको कृत्रिम गर्भाधान कार्यक्रमलाई सरल र सहज रुपमा व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाई कार्यान्वयन गर्नको लागी गाउँकार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी सबैको जानकारीको लागि राजपत्रमा प्रकाशन गरिएको छ ।

# कृत्रिम गर्भाधारण कार्यक्रम संचालन तथा व्यवस्थापनको कार्यविधि, २०७९

**प्रस्तावनाः**

गाईभैसी पालन परम्परागत रुपमा गरिदै आएको र भैंसीलाई कालो सुनको रुपमा समेत चिनिदै आएको सन्दर्भमा केही वर्ष यता यसको महत्वलाई बेवास्ता गरिदै आएकोले दिन प्रति दिन भैसीको मुल्यमा वृद्धि हुनुको साथै राम्रा नश्ल समेत लोप हुँदै गइरहेको छ। केही वर्ष अघि सम्म गाउँ घरमा छाकको १२- १४ माना दुध दिने भैसी समेत नभएका होइनन् यस गाउँपालिकाभित्र पशुको दुध र मासु उत्पादन वृद्धि गरी गाउँपालिका दुध, मासु,र अण्डा मा आत्मनिर्भर बन्नको लागि आवश्यक ठानी यस गउँपालिकाले गाई, भैंसी तथा बाख्रालाई कृत्रिम गर्भाधान कार्यक्रमलाई सरल र सहज व्यवस्थित प्रभावकारी र पारदर्शी रुपले कार्यान्वयन गर्न गाउँकार्यपालिकाबाट यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद – १

## प्रारम्भिक :

१. **संक्षिप्त नाम र प्रारम्भ :**

- यो कार्यविधिको नाम : कृत्रिम गर्भाधान कार्यक्रम संचालन कार्यविधि २०७९ रहेको छ।
- यो कार्यविधि उमाकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुने छ।
- यो कार्यविधि स्वीकृत हुनु भन्दा पहिला सम्पादित कार्य यसै कार्यविधि बमोजिम सम्पादन भएको मानिने छ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

- "गाउँपालिका" भन्नाले उमाकुण्ड गाउँपालिका सम्झनुपर्ने छ।
- "शाखा" भन्नाले पशुपक्षीं विकास शाखा सम्झनुपर्ने छ।
- "कार्यालय" भन्नाले उमाकुण्ड गाउँपालिकाका कार्यालय सम्झनुपर्ने छ।
- "कार्यविधि" भन्नाले कृत्रिम गर्भाधान कार्यक्रम संचालन कार्यविधि २०७९ सम्झनुपर्ने छ।

३. **उद्देश्यहरु :**

- कृत्रिम गर्भाधानको माध्यमबाट दुध र मासुको उत्पादन वृद्धि गर्ने।
- उन्नत नश्ल पाडापाडी र बाच्छा बाच्छीको आवश्यकता गाउँपालिकाभित्र तयार गर्ने।
- पशुको दुई बेतको अन्तर कम गरी उत्पादन लागत घताउने।

४. **कार्यक्रम संचालन हुने :** उमाकुण्ड गाउँपालिकाका सबै वडाहरुमा कार्यक्रम संचालन हुने छ।

५. **कार्यक्रमको अवधि :** यो कार्यक्रमको अवधि १ वर्षको हुने छ। र आवश्यकता अनुसार निरन्तर विस्तार गर्दै लान सकिने छ ।

६. **कार्यक्रम संचालन प्रक्रिया :**

(क) पहिला वर्ष यो कार्यक्रम गर्नका लागि गाउँपालिकाले पशु प्राविधिकहरुलाई दक्ष बनाउनका लागि सम्बन्धित कार्यलयमा तालिम लिन पठाउने छ। कृत्रिम गर्भाधान गर्दा लाग्ने प्राविधिक खर्च तथा अन्य खर्च गाउँपालिकाबाट विनियोजित रकमबाट गरिने छ।

(ख) अन्य रकमले कृत्रिम गर्भाधान गर्नका लागि आवश्यक सामाग्री खरिद गरिने छ।

(ग) उमाकुण्ड गाउँपालिका भरी प्रति पशु रु. १०००

(घ) कृत्रिम गर्भाधान गर्ने तथा लिक्युड नाइट्रोजन ढुवानी गर्ने सवारी साधन र इन्धन खर्च गाउँपालिकाले व्यवस्था गर्ने छ।

(ङ) पहिलो पटक यो कार्यक्रम गर्नको लागि इच्छुक फर्मदर्तावाला, सहकारी सस्था, कृषि कम्पनीहरुलाई पहिलो प्राथमिकता दिने।

७. **आर्थिक प्रशासन सेवा** : कार्यक्रमको लेखा आर्थिक तथा परिक्षण लेखाकन, ऐन कार्यविधि आर्थिक कारोबार गर्दा २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ ऐन खरिद सार्वजनिक, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिने छ।

८. **अनुगमन, मूल्यांकन तथा प्रतिदिन सम्बन्धी व्यवस्था** : यस कार्यक्रमको अनुगमन उमाकुण्ड गाउँपालिकाले गर्ने छ।

९. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्ने छ। यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फकाउने प्रयोजनका लागि गाउँपालिकाले आवश्यकताअनुसार व्याख्या गर्न सक्ने कछ।

**प्रमाणीकरण मितिः २०७९।०५।२८**

**आज्ञाले,**
**दिल कृष्ण श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत**